लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

## नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (दोस्रो चरण)

# वार्षिक क्रियाकलाप कार्यान्वयन योजना
# तथा
# कार्यक्रम कार्यान्वयन मार्गदर्शन
# आ. व. २०८२/०८३

## सामाजिक विकास मन्त्रालय
## लुम्बिनी प्रदेश

कार्यान्वयन गर्ने

सामाजिक विकास मन्त्रालय,
लुम्बिनी प्रदेश

NVQS Nepal Vocational Qualifications System

प्राविधिक सहयोग

swisscontact

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## विषय सूची


| | पेज न. |
| --- | --- |
| १. विषय प्रवेश | १ |
| २. परियोजनाको परिणाम र वार्षिक लक्ष्य | २ |
| ३. लुम्बिनी प्रदेशमा परियोजनाको मुख्य कार्यक्रम, वार्षिक लक्ष्य र बजेट | ४ |
| ४. कार्यक्रम कार्यान्वयन निर्देशिका | ६ |

Abbreviations:

| | |
|---|---|
| ASAC | : Accredited Skill Assessment Centre |
| CTEVT | : Council for Technical Education and Vocational Training |
| IEC | : Information Education and Communication |
| MoEST | : Ministry of Education, Science and Technology |
| MoSD | : Ministry of Social Development |
| NCS | : National Competency Standard |
| NSTB | : National Skill Testing Board |
| NVQ | : National Vocational Qualification |
| NVQA | : National Vocational Qualification Authority |
| NVQF | : National Vocational Qualifications Framework |
| NVQS | : Nepal Vocational Qualifications System |
| OP | : Occupational Profile |
| PIM | : Project Implementation Manual |
| PSC | : Project Steering Committee |
| PSU | : Project Support Unit |
| PICC | : Provincial Implementation and Coordination Committee |
| PPCU | : Provincial Project Coordination Unit |
| PPSU | : Provincial Project Support Unit |
| RPL | : Recognition of Prior Learning |
| SDC | : Swiss Agency for Development and Cooperation |
| VQA | : Vocational Qualifications Authority |
| VQF | : Vocational Qualifications Framework |
| YPO | : Yearly Plan of Operation |
| TVET | : Technical and Vocational Education and Training |
| TITI | : Training Institute for Technical Instruction |

## क. विषय प्रवेश

नेपालको संविधान २०७२ अनुसार तीन तहको सरकार स्थापना भए पश्चात लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८" बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको जिम्मेवारी सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ। सन् २०२० जुन २३ मा नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता तथा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P) को दोस्रो चरणको दस्तावेजमा प्रदेशस्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) कार्यान्वयन गर्ने विषय समेटिएको छ। सोही सन्दर्भमा, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P) को कार्यान्वयनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता सुनिश्चित गर्न यो वार्षिक कार्य योजना तयार गरिएको हो।

यस कार्य योजनाको प्रमुख उद्देश्य लुम्बिनी प्रदेशमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसम्बन्धी विषयमा सरोकारवालाहरूलाई व्यापक जानकारी प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै प्रणालीलाई क्रमिक रूपमा प्रदेशस्तरमा कार्यान्वयन गर्नु हो।

## १. परियोजनाको पृष्ठभूमी तथा परिणाम

नेपालले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीलाई आर्थिक समृद्धि हासिल गर्ने एक प्रमुख माध्यमको रूपमा परिभाषित गरेको छ। यस क्षेत्रमा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न विगत लामो समयदेखि विभिन्न प्रयासहरू गरिँदै आएका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रको सुधारका लागि आवश्यक मुख्य तत्वमध्ये राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली पनि एक हो । व्यवस्थित व्यावसायिक योग्यता प्रणाली (VQS) बाट तालिम तथा शिक्षा प्रणालीमा पारदर्शिता बढ्ने अपेक्षा गरिएको छ, जसले युवाहरू, रोजगारदाताहरू र नीति निर्माणकर्ताहरूलाई लाभ पुग्नेछ। यस प्रणालीले नेपाली युवाहरू र वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई जीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउनुका साथै स्वदेश तथा विदेशमा दिगो र सम्मानजनक रोजगारीका अवसरहरू प्राप्त गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-P), नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सहकार्यमा सञ्चालित परियोजना हो। यसको पहिलो चरण सन् २०१५ जुलाईमा सुरु भई सन् २०२० जुलाईमा सम्पन्न भएको थियो। दोस्रो चरण (NVQS P-II) भने सन् २०२० जुलाई १६ मा सातवटै प्रदेशमा एकैसाथ आरम्भ भई प्रारम्भिक रूपमा सन् २०२४ जुलाई १५ सम्मका लागि तोकिएको भए ता पनि दोश्रो चरण सन् २०२६ जुलाई १५ सम्म विस्तारित भएको छ। परियोजनाको कार्यान्वयन संघीय स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) तथा राष्ट्रिय सीप परीक्षण समितिबाट र प्रदेशस्तरमा सम्वन्धित सामाजिक विकास मन्त्रालय वा शिक्षा मन्त्रालय मार्फत भइरहेको छ। यस परियोजनामा स्वीस सरकारको विकास साझेदारी अन्तर्गत स्विसकन्टयाक्ट नेपाल (Swisscontact Nepal) ले प्राविधिक सहयोग प्रदान गरिरहेको छ।

परियोजनाको दोस्रो चरणको मुख्य उद्देश्य राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको स्थापना र प्रभावकारी कार्यान्वयनमा योगदान पुर्‍याउनु हो। उक्त उद्देश्य प्राप्त गर्न परियोजना तीन प्रमुख परिणामहरू हासिल गर्नका लागि सहजीकरण गरिरहेको छ।

नि. प्रदेश सचिव मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

परिणाम १ः राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।

परिणाम २ः सिटिईभिटि र राष्ट्रिय सीप परीक्षण समितिले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली निजी क्षेत्र सँगको साझेदारीमा कार्यान्वयन गर्नेछ ।

परिणाम ३ः प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ ।

नोटः माथिका तीन वटा परिणाम मध्ये परिणाम एक र तीन मात्र लुम्बिनी प्रदेशमा कार्यान्वयन हुनेछ भने परिणाम दुई सङ्घीय स्तरबाट कार्यान्वयन भैरहेको छ ।

## २. लुम्बिनी प्रदेशको पृष्ठभूमि

नेपालको संविधानले धारा ४ मा नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा परिभाषित गरेको छ। संघीय शासन व्यवस्था लागू गर्ने क्रममा संविधानको धारा ५६ ले नेपाललाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा पुनर्संरचना गरेको छ। यसै आधारमा संविधानको अनुसूची ४ बमोजिम नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी जम्मा १२ जिल्लालाई समेटेर २०७३ साल फाल्गुन ३ गते प्रदेश नं. ५ को स्थापना गरिएको थियो। त्यसपछिको प्रक्रिया अनुसार मिति २०७७ साल असोज २० गते यस प्रदेशको नाम "लुम्बिनी प्रदेश" राखिएको हो। हाल यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरू रहेका छन्।

२०७८ सालको जनगणना अनुसार लुम्बिनी प्रदेशको जनसंख्या ५१,२२,०७८ रहेको छ, जुन कुल जनसंख्याको करिब १७.५६ प्रतिशत हो। २२,२८८ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस प्रदेशले नेपालको कुल भू–भागको १५.१ प्रतिशत हिस्सा ओगटेको छ। भौगोलिक रूपमा यो प्रदेश उत्तर–दक्षिण १५० किलोमिटर र पूर्व–पश्चिम ३०० किलोमिटरसम्म फैलिएको छ। भौगोलिक विविधता (तराई, पहाड, हिमाल) तथा सांस्कृतिक मिश्रणका कारण लुम्बिनी प्रदेशलाई "मिनी नेपाल" को रूपमा चिनिने गरिन्छ। थारु, मगर, मधेशी, मुस्लिम र खस आर्य समुदायवीचको सहअस्तित्व र सांस्कृतिक अन्तरसम्बन्धले यो प्रदेशलाई सप्तरंगी इन्द्रेणी जस्तै विविधतायुक्त बनाएको छ।

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

## ख. परियोजनाको परिणाम र वार्षिक लक्ष्य

| परिणाम नं. | वार्षिक लक्ष्य |
|---|---|
| परिणाम १ः राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् । | |
| निर्गत १.१ः व्यावसायिक योग्यता प्रणालीको उपयोगका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् । | १५०० युवाहरुले विभिन्न प्रिन्ट तथा श्रव्य सामग्रीबाट व्यावसायिक योग्यता प्रणालीको उपयोगका बारेमा जानकारी प्राप्त गर्ने छन् । |
| निर्गत १.२ः नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन | १००० युवाहरु मध्ये ५०० अनौपचारिक क्षेत्रका कामदारहरु तत्कालिन राष्ट्रिय सिप परिक्षण समिति (NSTB) तह र ५०० जनाले पूर्व सिकाई मान्यता बिधीबाट रास्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को रास्ट्रिय व्यावसयिक योग्यता (NVQ) तह १-५ सम्म प्रमाणित हुनेछन ।<br>२ स्थानीय सरकार तथा प्रदेश सरकारले पूर्व सिकाई मान्यता बिधीबाट सीप परीक्षणका लागी बजेट बिनियोजन गर्नेछन । |
| निर्गत १.३ः रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् । | २०० रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् । |
| परिणाम ३ः प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ । | |
| निर्गत ३.१ः प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ । | १००० युवाहरुले प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा लिएका हुनेछन् । |
| निर्गत ३.२ः व्यावसायिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ । | सामाजिक विकास मन्त्रालय तथा अन्य सरोकारवालाहरुका २० जना कर्मचारी तथा पदाधिकारीहरुको व्यावसायिक योग्यता प्रणालीलाई कार्यान्वयन गर्न क्षमता अभिवृद्धि हुनेछ । |
| निर्गत ३.३ः पालिकाहरूले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समन्वय संयन्त्र गठन गर्नेछन् । | कम्तीमा ५ वटा पालिकाहरूले व्यावसायिक योग्यता कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समन्वय संयन्त्र गठन गरेका हुनेछन्। |
| निर्गत ३.४ : प्रादेशिक निकायहरु अधिकार प्रदत्त भइ दक्षता मूल्याङ्कन प्रक्रिया सुधारिएको हुनेछ । | १४ वटा प्रमाणिकृत सीप परीक्षण केन्द्र (JV सहित) प्रादेशिक निकायहरुबाट व्यवस्थित भएको हुनेछन |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

## ग. लुम्बिनी प्रदेशमा परियोजनाको मुख्य कार्यक्रम, बार्षिक लक्ष्य र बजेट

| परिणाम न. | मुख्य कार्यक्रम | वार्षिक लक्ष्य | बजेट (रु.००० ) |
|---|---|---|---|
| १ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् । | | |
| १.१ | व्यावसायिक योग्यता प्रणालीको प्रयोग र फाइदाका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् । | | |
| १.१.१ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण (२.७.६.८६) | पुर्व सिकाई मान्यता (RPL) बिधिबाट सिप परिक्षण आव्हान सम्बन्धि सुचना प्रसारणका लागि एफ.एम. रेडियो बाट सुचना प्रसारण (१ पटक), अन्य प्रचार प्रसार सामग्री निर्माण प्रकाशन, खरिद, छपाई तथा बितरण (१ पटक) | २०० |
| १.१.२ | व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औधोगिक मेला, रोजगार मेलाहरुमा स्टल राख्ने (२.७.६.८४) | मेला/ महोत्सवमा स्टल / सूचना डेस्क राखी कम्तिमा १,००० युवाहरुले प्रत्यक्ष वा विभिन्न प्रिन्ट सामग्री मार्फत प्रणालीको उपयोगका बारेमा जानकारी प्राप्त गर्नेछन । (१० पटक मेलाहरुमा स्टल सहितको सहभागिता) | ३०० |
| १.१.३ | पूर्व सिकाई मान्यता अनुरुप सीप परीक्षणका बारेमा सम्बन्धित यूवा तथा तालीम प्रदायक संस्थालाई अभिमुखीकरण (२.७.६.६९) | २०० जना यूवाहरुले सीप परीक्षण को महत्वबारे जानकार हुनेछन (६ पटक) | ६०० |
| १.१.४ | रोजगारीका अवसरहरूको लागि रोजगारदाताहरू र पुर्व सिकाई मान्यता (RPL) बिधिबाट सिप परिक्षण गरि प्रमाण पत्र प्राप्त गरेका व्यक्ति हरु (RPL Graduates )सँग अन्तरक्रिया (२.७.६.८७) | ३ पटक | ४५० |
| १.१.५ | प्रमाण-पत्रको आधारमा बैंक कर्जा व्यवस्थाका लागि वित्तीय निकायहरु सँग समन्वय तथा सहकार्य (२.७.६.८९) | १ पटक | १०० |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| परिणाम न. | मुख्य कार्यक्रम | वार्षिक लक्ष्य | बजेट (रु.००০) |
|---|---|---|---|
| १.२ | नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन | | |
| १.२.१ | भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण (२.७.६.८०) | ५५० जना (बिभिन्न पेशा तथा तहबाट) | ५००० |
| १.३ | रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्व बारे जानकार हुनेछन् । | | |
| १.३.१ | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धि अभिमुखीकरण (२.७.६.८२) | स्थानीय निकाय, प्राबिधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक/सीप परीक्षण संघ संस्था, निजि क्षेत्रलाई NVQF बारे प्रवोधिकरण गर्ने (३ पटक) | ६०० |
| ३ | प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ । | | |
| ३.१ | प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ । | | |
| ३.१.१ | भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण<br>नोटः यस निर्गत अन्तरगत, यो क्रियाकलाप RPL Graduates हरुको तथ्यांक प्रविष्टिकरण प्रयोजन को लागि मात्र | ५५० जना | |
| ३.२ | व्यावसयिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ । | | |
| ३.२.१ | विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ता तालिम सञ्चालन (२.७.६.७८) | RPL लाई आवश्यक पर्ने पेशा/बिषय/क्षेत्रका ४० जना लाई सीप मूल्याङ्कनकर्ताहरूको तालिम (Assessors Training) र २० जना सीप मूल्याङ्कनकर्ताहरूलाई पुनर्ताजगी तालिम सञ्चालन<br>(२ पटक सीप मूल्याङ्कनकर्ता र १ पटक पुनर्ताजगी तालिम) | २०५० |
| ३.२.२ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन/सुपरिवेक्षण पृष्ठपोषण, प्रतिवेदन तथा विविध कार्यका लागि आवश्यक खर्च (२.७.६.८३) | PICC को बर्षमा कम्तीमा ३ पटक र PPCU को महिनामा कम्तीमा १ वटा बैठक सहित आवश्यकता अनुसार गोष्ठी, अनुगमन तथा सुपरिवेक्षण तथा बैठक | ४०० |
| ३.२.३ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई | परियोजना कार्यन्वयन समनव्य समिति (PICC) र प्रदेश परियोजना समन्वय इकाई | ५०० |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| परिणाम न. | मुख्य कार्यक्रम | वार्षिक लक्ष्य | बजेट (रु.००० ) |
|---|---|---|---|
| | आवश्यक उपकरण तथा भैपरी खर्च (२.७.६.८८) | (PPCU) का लागि आवश्यक कार्यालय सामग्री व्यवस्थापन (१ पटक) | |
| ३.२.६ | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि (२.७.६.८५) | २० जना कर्मचारीहरुको राष्ट्रिय व्यवासायिक योग्यता प्रणाली सँग सम्बन्धित बिषयमा क्षमता अभिवृद्धि गर्ने (१ पटक) | २०० |
| ३.३ | **पालिकाहरूले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम समन्वय संयन्त्र गठन गर्नेछन् ।** | | |
| ३.३.१ | पालिकाहरुमा टि.भे.ट संजाल (TVET Network) स्थापना र समितिहरुको सक्रियता (२.७.६.८१) | गत बर्ष अभिमुखीकरण गरीएका स्थनीय निकायमा TVET समन्वय समिति गठन तथा थप ५ वटा स्थनीय तहमा TVET समन्वय समिति गठनका लागि अभिमुखीकरण र स्थापना | ५५० |
| ३.४ | प्रादेशिक निकायहरु अधिकार प्रदत्त भइ दक्षता मूल्याङ्कन प्रक्रिया सुधारिएको हुनेछ | | |
| | यो परिणाम अन्तर्गत यो आ.वा. मा कुनै पनि क्रियाकलाप न रहेको | | |
| | | जम्मा | १०९५० |

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

## घ. कार्यक्रम कार्यान्वयन मार्गदर्शन (Project Implementation Manual)

सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश द्वारा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (Nepal Vocational Qualifications System Project (NVQS-P), दोश्रो चरण अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि खर्च शिर्षक नं. २२५२२ तथा बजेट उपशिर्षक नं. ३५०९११२६ अन्तर्गत आ. व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम तपसिल बमोजिम कार्यान्वयन गरिने छन्।

यसका उद्देश्यहरु निम्न रहेका छन् :

क) आ. वा. २०८२/०८३ को बार्षिक कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

ग) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

परिणाम १: राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली मार्फत प्रमाणित नेपाली युवाहरुले नेपालमा तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त गर्ने छन् ।

प्रतिफल १.१: व्यावसायिक योग्यता प्रणालीको उपयोगका सम्बन्धमा नेपाली युवाहरू जानकार हुनेछन् ।

क्रियाकलाप १.१.१ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१८६ | २.७.६.८६ | १ | पटक | २०० | सबै |
| पृष्ठभूमि/परिचय | नेपाल सरकारले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद/रास्ट्रिय सिप परिक्षण समिति (CTEVT/NSTB) मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा विगतदेखि नै काम गर्दै आएको छ। तर २०७७ मा स्वीकृत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) का कार्यक्षेत्र, अधिकार, जिम्मेवारी तथा सुधार कार्यक्रमबारे आम सर्वसाधारण र सम्बन्धित सरोकारवालाबीच पर्याप्त जानकारी र बुझाइको अभाव देखिन्छ। यसकारण प्रणालीको उद्देश्य, महत्व र यसको कार्यान्वयनसँग सम्बन्धित विषयमा प्रभावकारी जानकारी र प्रचार-प्रसार गर्नु अत्यावश्यक देखिन्छ। | | | | |
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली तथा सीप परीक्षण बारे सूचना प्रवाह गर्ने। | | | | |
| अपेक्षित उपलब्धि | व्यावसायिक योग्यता प्रणाली तथा सीप परीक्षणको सूचना बारे युवा/युवतीहरू जानकार हुनेछन्। | | | | |
| सञ्चालन प्रक्रिया | • आवश्यक भएका सूचना सामाग्रीहरु प्रदेशबाटै प्रदेश परियोजना सहयोग इकाई (PPSU) को सहयोगमा निर्माण गर्ने, | | | | |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| | • छपाई सामग्रीका लागि बिष्यबस्तु तयार गर्ने तथा खरिद गरि सो सामग्री छपाई गर्ने, बितरण गर्ने, सो को अभिलेख राखे,<br>• नियमानुसार भुक्तानी गर्ने। |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई (PPCU) र प्रदेश परियोजना सहयोग इकाई (PPSU) |
| प्रगति सूचक | प्रचार तथा छपाई सामाग्री, खरिद सामग्रीको बिल भरपाई तथा प्रतिबेदन (आवश्यकता अनुसार) |

क्रियाकलाप १.१.२ : व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औद्योगिक मेला, रोजगार मेलाहरुमा स्टल राखे

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक ) |
|---|---|---|---|---|---|
| २.७.६.९२ | २.७.६.८४ | १० | पटक | ३०० | सबै |

| | |
|---|---|
| पृष्ठभूमि/ परिचय | प्रदेश/जिल्लास्तरीय औद्योगिक मेला उद्योगी, व्यापारी, रोजगारदाता, विद्यार्थी, युवा, अभिभावक, जनप्रतिनिधि, पत्रकार तथा सर्वसाधारणलाई एउटै प्लेटफर्ममा ल्याई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्वन्धी बहस, पैरवी, प्रविधि आदान–प्रदान र रोजगार बजारबारे छलफल गर्ने उपयुक्त थलो हो। यस्ता मेलामा मन्त्रालयले सहकार्य र समन्वय गरी श्रव्य-दृश्य प्रस्तुति, प्रकाशन सामग्री र सूचना स्टलमार्फत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली तथा राष्ट्रिय सीप परीक्षण समितिबारे जनचेतना फैलाउनु प्रभावकारी माध्यम ठहरिन्छ। |
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी जानकारी सम्पूर्ण सरोकारवालाहरु सम्म पुर्याउने। |
| अपेक्षित उपलब्धि | रोजगारदाता र अन्य सरोकारवालाहरू राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको प्रमाण पत्रको महत्व, RPL माध्यमबाट हुने सीप परीक्षणबारे जानकार हुनेछन् । |
| सञ्चालन प्रक्रिया | ▪ मेला आयोजकहरु खासगरी प्रदेश, स्थानीय सरकार, उद्योगी संघ संगठनहरुसँग रोजगार मेलाको लागि सहकार्य तथा समन्वयको खोजी गर्ने र आवश्यकता वमोजिम दुइपक्षीय सम्झौता गर्ने ।<br>▪ मेलामा प्रदर्शनी गर्न, प्रचारप्रसार गर्नलाई आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने।<br>▪ स्टलबाट अपेक्षित उपलब्धि हासिल गर्न निश्चित कर्मचारी वा व्यक्तिलाई जिम्मेवारी तोक्ने ।<br>▪ मन्त्रालय र विभिन्न पदाधिकारीहरूको सहभागिताको लागि पहल गर्ने।<br>▪ यो शीर्षकको वजेटबाट कर्मचारी/स्वयम्सेवक पारिश्रमिक, मसलन्द, स्टल बापतको खर्च व्यवस्थापन गर्ने ।<br>▪ प्रतिवेदन तयार गर्ने।<br>▪ नियमानुसार भुक्तानी गर्ने। |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | राखिएको स्टलको फोटो, प्रदर्शन गरिएका सामाग्रीहरू, स्टल भ्रमण रेकर्ड तथा प्रतिवेदन आदि |

**क्रियाकलाप १.१.३ : पूर्व सिकाई मान्यता अनुरुप सीप परीक्षणका बारेमा सम्बन्धित यूवा तथा तालीम प्रदायक संस्थालाई अभिमुखीकरण**

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१९० | २.७.६.६९ | ६ | पटक | ६०० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | नेपालको विद्यमान योग्यता प्रणालीले जीवनपर्यन्त आर्जित ज्ञान, सीप र क्षमताको प्रामाणिकरण गरी योग्यताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था नगरेकाले धेरै सीपधारी व्यक्तिहरू बेरोजगार वा अर्ध-बेरोजगार बन्नुपरेको र श्रमको उचित मूल्यांकन नहुने समस्या देखिन्छ। यसलाई समाधान गर्दै सीपको पहिचान, प्रमाणीकरण र योग्यताद्वारा शिक्षाको मूलधारमा समाहित गर्ने उद्देश्य राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) ले राखेको छ। तर पूर्व सिकाई मान्यता (RPL) विधिबाट हुने सीप परीक्षण, प्रमाणीकरण र योग्यता प्रदानबारे आम जनता र सरोकारवालामा पर्याप्त जानकारी नभएकाले यसको व्यापक प्रचार-प्रसार आवश्यक देखिन्छ। |
| उद्देश्य | पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षण सम्बन्धि प्रक्रियागत कुराको जानकारी, विधि, यसका फाइदा आदि बारे जानकारी प्रदान गर्ने । |
| अपेक्षित उपलब्धि | सीप भएका तर प्रमाण पत्र नभएका धेरै भन्दा धेरै यूवा युवतीहरूले पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षण प्रक्रियाबारे जानकार हुनेछन । |
| सञ्चालन प्रक्रिया | • पूर्व सिकाई मान्यता बिधिवाट सीप परीक्षण हुने पेशासंग सम्बन्धित रोजगारदाता/ श्रमिक/पेशागत संघ-संगठन/ निजि निकाय हरुसंग सहकार्य गर्ने<br>• अभिमुखीकरणको लागि मिति, स्थान र समय तालिका तयार गर्ने ।<br>• सहभागीहरुको नामावली तयार गरी आमन्त्रण गर्ने<br>• अभिमुखीकरणलाई चाहिने आवश्यक सामाग्रीहरु तयार गर्ने<br>• कार्यक्रम आयोजना गर्ने<br>• नियमानुसार खर्च भुक्तानी गर्ने<br>• प्रतिवेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | माइनुट, हाजिरी, फोटो, प्रतिवेदन, सहभागीका भनाइहरू |

**क्रियाकलाप न. १.१.४ : रोजगारीका अवसरहरूको लागि रोजगारदाताहरू र RPL Graduates सँग अन्तरक्रिया**

नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.२०६ | २.७.६.८७ | ३ | पटक | ४५० | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | हालको आर्थिक र सामाजिक परिवेशमा दक्ष जनशक्तिको माग बढ्दो छ। पूर्व सिकाई मान्यता (Recognition of Prior Learning-RPL) कार्यक्रमले सीप र अनुभव भएका व्यक्तिलाई औपचारिक प्रमाणिकरण प्रदान गरी उनीहरूलाई रोजगारका नयाँ अवसरमा पहुँच दिलाइरहेको छ। रोजगारदाता र पूर्व सिकाई मान्यता बिधिबाट सीप परीक्षण गरि प्रमाण-पत्र प्राप्त गरेका (RPL Graduate) बीचको आपसी अन्तरक्रिया योग्य जनशक्ति छनौट र सीपअनुरूप रोजगारी सुनिश्चित गर्न उपयोगी हुने भएकाले आयोजना गरिएको अन्तरक्रिया कार्यक्रमले दुवै पक्षबीच सम्बन्ध सुदृढ गर्दै रोजगारीका सम्भावना र व्यावसायिक अवसर विस्तारमा योगदान पुऱ्याउनेछ। |
| उद्देश्य | रोजगारदाताहरू र पूर्व सिकाई मान्यता बिधिबाट सीप परीक्षण गरि प्रमाण-पत्र प्राप्त दक्ष जनशक्तिबीच प्रत्यक्ष संवादको माध्यमबाट रोजगारीका अवसरहरू सिर्जना गर्ने । |
| अपेक्षित उपलब्धि | सीपयुक्त जनशक्तिको उपयुक्त स्थानमा परिचालन गरी रोजगारीको मिलान प्रक्रियालाई सहज र प्रभावकारी बनाउनेछ। |
| सञ्चालन प्रक्रिया | • कार्यशालाको उद्देश्य निर्धारण<br>• सरोकारवालाको पहिचान<br>• कार्यक्रम स्थल र मिति निर्धारण तथा कार्यक्रम सञ्चालनको पूर्व तयारी<br>• अन्तरक्रिया तथा संजालिकरण (Networking)<br>• डाटा र सम्पर्क विवरण आदान-प्रदान<br>• कार्यक्रमको मूल्याङ्कन र प्रतिवेदन तयार तथा नियमानुसार खर्च भुक्तानी गर्ने<br>• रोजगारीको अभिलेख राख्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, हाजिरी रजिस्टर,फोटोहरु, रोजगारीको ट्र्याकिङको तथ्यांक |

क्रियाकलाप न. १.१.५ : प्रमाण-पत्रको आधारमा बैंक कर्जा व्यवस्थाका लागि वित्तीय निकायहरु सँग समन्वय तथा सहकार्य

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.२०७ | २.७.६.८९ | १ | पटक | १०० | दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | RPL बिधि मार्फत सीप परीक्षण गरि प्रमाण-पत्र समेत प्राप्त गरेका यूवाहरु हातमा सीप भएर पनि रोजगारीको उपयुक्त अवसर नपाएर बेरोजगार वा अर्ध-बेरोजगार बस्नु पर्ने सन्दर्भ रहेको हुँदा देश भित्र नै उधमी बनाई रोजगारी शृजना गर्नका लागि इच्छुक यूवाहरुलाई सहुलियत दरमा बैंक कर्जा उपलब्ध गराउनका निम्ति वित्तीय निकायहरुसंग समन्वय सहकार्य गरि बैंक कर्जा उपलब्ध गराउन सकेमा स्वरोजगार वा उधमी बनाउन |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| | सकिने छ । जसले गर्दा प्रमाणपत्र प्राप्त युवाहरुमा आत्मविश्वास बढ्ने र अन्य यूवाहरुपनि सीप परीक्षणको महत्वबारे जानकार भई सीप परीक्षण तर्फ आकर्षित हुनेछन । |
| उद्देश्य | सीप प्रमाण-पत्र प्राप्त यूवाहरुलाई सहुलियत-दरमा बैंक कर्जा उपलब्धता प्रकियाका बारेमा जानकार हुनेछन |
| अपेक्षित उपलब्धि | सीप प्रमाण-पत्र प्राप्त यूवाहरुले सहुलियत-दरमा बैंक कर्जा लिई स्वरोजगार वा उधमी बन्न प्रोत्साहित हुनेछन । |
| सञ्चालन प्रक्रिया | • सीप परीक्षणको प्रमाण-पत्र बितरण गर्ने समयमा सहुलियत दरमा बैंक कर्जा लिन चाहने इच्छुक यूवाहरुको नामावली तयार गर्ने<br>• प्रमाण-पत्रको आधारमा सहुलियत दरमा बैंक कर्जा उपलब्ध गराउने वित्तीय निकायहरुको खोजी तथा सहकार्य गर्ने<br>• वित्तीय निकाय तथा यूवाहरुबीच बैंक कर्जा र सो को प्रक्रिया बारे १ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने<br>• नियमानुसार कार्यक्रमको खर्च भुक्तानी गर्ने<br>• प्रतिवेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, हाजिरी रजिस्टर,फोटोहरु |

**प्रतिफल १.२: नेपाली युवाहरु NVQ १-५ तह सम्म प्रमाणित हुनेछन**

**क्रियाकलाप १.२.१ : भौचर कार्यक्रम मार्फत पूर्वसिकाइ मान्यता बिधि (RPL) बाट सीप परीक्षण**

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१९३ | २.७.६.८० | ५५० | जना | ५००० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | नेपालको विद्यमान प्रणालीले जीवनपर्यन्त आर्जित अनौपचारिक सीपको प्रमाणीकरण नगरेकाले योग्यतापत्र नपाई धेरै सीपधारी बेरोजगार वा अर्ध-बेरोजगार रहनुपरेको छ। श्रमको मूल्यांकन र सीपधारीको सम्मान सुनिश्चित गर्न जीवनपर्यन्त आर्जित सीपलाई प्रमाणित गरी शिक्षाको मूलधारमा समाहित गर्नु आजको आवश्यकता हो। यसै उद्देश्यका लागि राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) ले पूर्व सिकाई मान्यता (RPL) मार्फत सीप परीक्षण र प्रमाणीकरणको व्यवस्था गरेको छ, जसले युवा सीपधारीका समस्या समाधानमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ। |
| उद्देश्य | पूर्व सिकाई मान्यता विधिबाट सीप परीक्षण सम्बन्धि प्रक्रियागत कुराको जानकारी, विधि, यसका फाइदा आदिको जानकारी प्रदान गरि सिप भएका यूवाहरुले (RPL) विधिबाट सीप परीक्षण गर्न सहयोग पुर्याउने । |
| अपेक्षित उपलब्धि | ५५० भन्दा बढी (बिभिन्न तह तथा पेशाका) युवा हरु पूर्व सिकाई मान्यता (RPL) बिधिवाट सीप परीक्षणमा सहभागी हुनेछन । |

मा. जनमजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

नि. प्रदेश सचिव

| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयद्वारा राष्ट्रिय सीप परीक्षण समिति (NSTB) सँग पूर्व सिकाई मान्यता (RPL) बिधिबाट सीप परीक्षण हुने पेशा/व्यवसायको सीप परीक्षण दर-रेट माग गर्ने,<br>• सामाजिक विकास मन्त्रालय, राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT), लुम्बिनी प्रदेश बीच त्रि-पक्षीय समझदारी गर्ने,<br>• सामाजिक विकास मन्त्रालय, तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT), लुम्बिनी प्रदेश बीच द्वि-पक्षीय सम्झौता गर्ने,<br>• पूर्व सिकाई मान्यता बिधि (RPL) बाट सीप परीक्षण गरिने पेशा हरु प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) सँग समन्वय गरि छनौट गर्ने<br>• सीप परीक्षणकालागि लागत साझेदारीमा बजेट बिनियोजन गरेका स्थानीय तहहरुसँग समन्वय, अभिमुखीकरण र सम्झौता (बजेट बिनियोजन गरेका स्थानीय निकाय, सामाजिक विकास मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) लुम्बिनी प्रदेश बीच)<br>• प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद/राष्ट्रिय सिप परिक्षणसमिति (CTEVT/NSTB) द्वारा RPL बिधिबाट सीप परीक्षण बिज्ञापन आव्हान गर्ने<br>• सीप परीक्षण बिज्ञापन आव्हान सूचना प्रचारप्रसार गर्ने<br>• आवेदन संकलन गर्न सहयोग गर्ने<br>• प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) ले तोकिएको सीप परिक्षण केन्द्र सँग समन्वय गर्ने<br>• रास्ट्रिय सिप परिक्षण समिति (NSTB) को डाटाबेसमा आवेदन प्रबिस्ट गर्ने, रुजु गर्ने सहयोग गर्ने<br>• रुजु भएका आवेदकहरुको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) लुम्बिनी प्रदेश कार्यालय बाट परामर्श तथा सीप परीक्षण कार्य गर्ने<br>• सीप परीक्षणको गुणस्तर र प्रभावकारिताकालागि आवश्यक अनुगमन गर्ने<br>• प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) लुम्बिनी प्रदेशले पेश गरेको परामर्श र सीप परीक्षणको प्रतिबेदनको आधारमा सम्झौता अनुसार रकम निकाशा दिने |
|---|---|
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | परामर्श र सीप परीक्षण प्रतिवेदन |

प्रतिफल १.३: रोजगारदाताहरू राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्वबारे जानकार हुनेछन्

क्रियाकलाप १.३.१ : राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धि अभिमुखीकरण

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१३४ | २.७.६.८२ | ३ | पटक | ६०० | दोश्रो |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप नेपाल सरकार द्वारा २०७७ वैशाख २० गते मन्त्रि परिषद द्वरा पारित भै सकेको हुँदा सो को बारेमा स्थानीय निकाय, प्राविधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक संघ संस्था, निजि क्षेत्रलाई NVQF बारे जानकारी गराउने उद्देश्यले यस बारे विस्तृत जानकारी का लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । जसमा अब उप्रान्त NVQF कसरी लागु हुदैछ, यसको महत्व, क्रेडिट बैंकिंग तथा क्रेडिट ट्रान्सफर, पारगम्यता, समकक्षता तथा बिभिन्न तहको मानकहरु बारे जानकारी गराउन यो कार्यक्रम आवश्यक देखिन्छ । |
| उद्देश्य | NVQF बारे प्रबोधिकरण गरि सो को बारेमा धेरै भन्दा धेरैलाई जानकारी गराउने |
| अपेक्षित उपलब्धि | स्थानीय निकाय, प्राविधिक शिक्षालय/बिद्यालय, तालिम प्रदायक संघ संस्था, निजि क्षेत्रहरु NVQF बारे जानकार हुनेछन । |
| सञ्चालन प्रक्रिया | • सरकारी तथा विभिन्न निजी क्षेत्रका सरोकारवालाहरूको सूची तयार गर्ने,<br>• कार्यशालाको मिति, समय र स्थान तय गर्ने<br>• कार्यशालाका लागि आवश्यक प्रस्तुति, ब्यानर, सूचना सामग्री आदिको व्यवस्थापन गर्ने।<br>• सहभागीहरूलाई मन्त्रालय मार्फत आमन्त्रण गर्ने।<br>• कार्यशाला मार्फत सहजीकरण गर्ने ।<br>• समीक्षात्मक प्रतिवेदन तयार गर्ने तथा नियमानुसार खर्च भुक्तानी गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | माइनुट, हाजिरी, फोटो, प्रतिवेदन |

परिणाम ३: प्रदेश सरकारले व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नेछ ।

प्रतिफल ३.१ : प्रमाणिकृत सीप परीक्षण केन्द्रबाट गुणस्तरीय सीप परीक्षण सेवा प्रवाह हुनेछ । यस प्रतिफल अन्तर्गत यस आ.बा.मा कुनै पनि क्रियाकलाप नभएको तर क्रियाकलाप २.७.६.८० (भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण) मिल्दो जुल्दो रहेको छ । पूर्व सिकाइ मान्यता विधि (RPL) बाट कति वटा सीप परीक्षण केन्द्रहरुले गुणस्तरीय सेवा प्रवाह गरेको तथ्यांक यस निर्गत अन्तर्गत राख्न सकिने ।

निर्गत ३.२: व्यावसयिक योग्यता प्रणाली लागु गर्नका लागि शिक्षा बिषयक (वा सामाजिक विकास) मन्त्रालय तथा निजि क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिवृद्धि हुनेछ ।

क्रियाकलाप ३.२.१ : विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ताहरूको तालिम सञ्चालन

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१९१ | २.७.६.७८ | ३ | पटक | २०५० | पहिलो |



नि. प्रदेश सचिव मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको गुणस्तरीय सीप परीक्षण, मूल्यांकन र योग्यताको प्रमाणपत्र वितरणमा मूल्याङ्कनकर्ताको ठूलो भूमिका राख्दछ। तर प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT)/NSTB द्वारा सञ्चालन हुने नियमित परीक्षणमा मूल्याङ्कनकर्ताको अभाव हुँदा परीक्षण ढिला हुनु र गुणस्तर घट्ने समस्या देखिन्छ। यसैले दक्ष मूल्याङ्कनकर्ता उत्पादन गर्नु र विद्यमान मूल्याङ्कनकर्तालाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अनुसारको परीक्षण विधि, प्रक्रिया तथा मापदण्डबारे अभिमुखीकरण र पुनर्ताजगी प्रशिक्षण प्रदान गर्नु आवश्यक छ। यसले परीक्षणको गुणस्तर सुधार्दै प्रमाणपत्र वितरण प्रक्रियामा सहजता ल्याउनेछ र मूल्याङ्कनकर्ताको क्षमता विकासमा पनि सहयोग पुऱ्याउनेछ। |
| उद्देश्य | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अनुसार सीप परीक्षण सेवा प्रदान गर्न मूल्याङ्कनकर्ताहरुको क्षमता विकास गर्ने। |
| अपेक्षित उपलब्धि | ४० जना नयाँ मूल्याङ्कनकर्ताहरु र २० जना पुनर्ताजगी तालिम लिएका मुल्यांकनकर्ताहरु राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अनुसारको सीप परीक्षण गर्न सक्षम हुनेछन् र सेवा प्रवाह गर्नेछन्। |
| सञ्चालन प्रक्रिया | <u>नयाँ मूल्याङ्कनकर्ताको हकमा</u><br>▪ प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT/NSTB) तथा सीप परीक्षण केन्द्रहरुसँग समन्वय गरी मूल्याङ्कनकर्ताहरुको अभाव देखिएको पुर्व सिकाई मान्यता (RPL) सँग सम्बन्धित पेशा/व्यावसायहरु पहिचान गर्ने<br>▪ प्राविधिक प्रशिक्षण तालिम दिने एक मात्र अधिकारिक सरकारी निकाय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI), सानोठिमी, भक्तपुर संग तालिमकालागि आवश्यक प्रक्रिया तथा सम्झौता<br>▪ प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT/NSTB) सँग सहकार्य गरि RPL संग सम्बन्धित पेशा/व्यावसायहरुको सूचना आव्हान तथा आवेदन संकलन<br>▪ संकलित आवेदन मध्यवाट योग्य आवेदकहरुको सूचना प्रविधि साक्षरता परीक्षण (IT Literacy Test) को लागि राष्ट्रिय सीप परीक्षण समितिलाई पत्राचार/सिफारिस गर्ने<br>▪ राष्ट्रिय सीप परीक्षण समितिले सूचना प्रविधि साक्षरता परीक्षण (IT Literacy Test) पास गरि छनौट भएका सहभागीहरुको नामावली TITI लाई उपलब्ध गराउने<br>▪ TITI ले तोके बमोजिम मिति, स्थान र समय टुंगो लगाउने<br>▪ छनौटमा परेका आवेदकहरुलाई जानकारी दिने/गर्ने<br>▪ तालिम संचालन गर्ने र तालिम को प्रतिवेदन TITI बाट प्राप्त गर्ने<br>▪ नियमानुसार खर्च भुक्तानी गर्ने<br>▪ TITI बाट लेखा परिक्षणको प्रतिबेदन समेत प्राप्त गर्ने |



गा. जन्मजय तिमिल्सिना
नि. प्रदेश सचिव
सामाजिक विकास मन्त्रा

| | |
|---|---|
| | पूनर्ताजगी तालिमको हकमा<br>▪ प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT/NSTB) सँग सहकार्य गरि RPL संग सम्बन्धित पेशा/व्यावसायहरुको सूचना आव्हान तथा आवेदन संकलन<br>▪ आवेदन रुजु तथा आवश्यक संख्यामा छनौट गरि राष्ट्रिय सीप परीक्षण समितिलाई तालीम संचालनका सिफारिस गर्ने<br>▪ तालिम संचालन गर्ने र तालिम को प्रतिवेदन तयार गर्ने<br>▪ नियमानुसार खर्च भुक्तानी गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई, NSTB |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, हाजिरी रजिस्टर,फोटोहरु, NSTB द्वारा प्रदान गरिने सीप मूल्यांकनकर्ताहरुको नामावली तथा परिचय-पत्र |

क्रियाकलाप ३.२.२ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन सुपरिवेक्षण पृष्ठपोषण, प्रतिबेदन तथा विविध कार्यका लागि आवश्यक खर्च

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१३६ | २.७.६.८३ | २० | वटा | ४०० | सबै |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली नेपालका लागि नयाँ सुरुवात हो, जसले प्रणाली सुधार, सुदृढीकरण र अधिकार प्रत्यायोजनमा योगदान पुऱ्याउँछ। संविधान २०७२ अनुसार प्रदेश सामाजिक विकास मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी जिम्मेवारी बहन गर्दै यस प्रणालीसँग सम्बन्धित हरेक क्रियाकलापमा गहन छलफल, गोष्ठी, अनुगमन र सुपरिवेक्षण आवश्यक देखिन्छ। त्यसैले मन्त्रालय अन्तर्गत समिति तथा इकाईले निरन्तर बैठक र व्यापक छलफलमार्फत दिशा-निर्देश दिनु र समस्या समाधान गर्नु जरुरी छ। |
| उद्देश्य | प्रणाली/परियोजनाको वार्षिक क्रियाकलापहरुको योजना/स्वीकृति, कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण, प्रगति प्रतिवेदन आदिमा व्यापक छलफल तथा कार्यान्वयनमा देखिएका समस्या समाधान र दिशानिर्देश गर्ने |
| अपेक्षित उपलब्धि | PPCU को बैठक कम्तिमा पनि १२ वटा र PICC को बैठक कम्तिमा ३ वटा बसेको हुनेछ, जसले गर्दा प्रणालीको कार्यान्वयन प्रभावकारी हुनेछ । |
| सञ्चालन प्रक्रिया | ▪ प्रणाली/परियोजना कार्यान्वयन कार्यविधि अनुसार प्रदेश परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाईको नियमित रुपमा बस्नु पर्ने बैठक सोहि अनुसार बस्ने,<br>▪ समिति तथा इकाईको अन्य बैठक आवश्यकता अनुसार बस्न सकिने ।<br>▪ समिति तथा इकाईले आवश्यकता अनुसार प्रणाली/परियोजनाको कार्यान्वयनको अनुगमन तथा सुपवेक्षण गर्ने । |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| | ▪ समिति तथा इकाईले आवश्यकता बमोजिम अन्य सरोकारवालाहरुसँगको बैठक आयोजना गर्न सक्ने । <br>▪ बैठक, गोष्ठी, अनुगमन, सुपरिवेक्षण आदिको प्रतिवेदन अनिवार्य रुपमा प्रदेश परियोजना समन्वय इकाई संयोजकलाई बुझाउनु पर्ने । <br>▪ खाजा/खाना, बैठक भत्ता, अनुगमनका लागि दैनिक भ्रमण भत्ता तथा सवारी साधन वापत लगायत बिबिधकार्यकालागि खर्च रकम नियमानुसार शिर्षकवाट भुक्तानी गर्ने । |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | बैठकका उपस्थिति, निर्णय, अनुगमन/भ्रमण प्रतिवेदन,फोटो आदि |

क्रियाकलाप ३.२.३ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई आवश्यक उपकरण तथा भैपरी खर्च

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१०५ | २.७.६.८८ | १ | पटक | ५०० | पहिलो-दोश्रो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना प्रदेश स्तरमा कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी यस लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालयको रहेको छ । प्रणाली / परियोजना कार्यन्वयनको क्रममा मन्त्रालयलाई विभिन्न सामाग्रीहरु खरिद तथा मर्मत-सम्भार गर्नपर्ने हुन्छ । यसको लागि परियोजनाबाट आवश्यक खर्च व्यवस्थापन गर्नपर्ने आवश्यक देखिन्छ । |
| उद्देश्य | प्रदेश परियोजना समन्वय इकाई (PPCU) र परियोजना कार्यान्वयन तथा समन्वय समिति (PICC) लाई प्रणाली/परियोजना कार्यान्वयन आवश्यक सामग्री खरिद तथा मर्मत-सम्भार का लागि चाहिने खर्च |
| अपेक्षित उपलब्धि | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजना कार्यान्वयनमा सहजता |
| सञ्चालन प्रक्रिया | • प्रदेश परियोजना समन्वय इकाई (PPCU) ले आवश्यक सामाग्रीहरुको लिस्ट तयार गर्ने <br>• मन्त्रालयको नियमानुसार सामग्री गरीद गर्ने <br>• सामग्रीहरुमा NVQS/MOSD को लेवल लगाउने <br>• मन्त्रालयको नियमानुसार रेकर्ड किताबमा सामग्रीको बिस्तृत प्रबिस्ट गर्ने |
| मुख्य जिम्मेवारी | PPCU र मन्त्रालयको खरिद समिति |
| प्रगति सूचक | मन्त्रालयको सामाग्री खरिद तथा रेकर्ड |

क्रियाकलाप ३.२.६ : राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि

नि. प्रदेश सचिव मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.१९५ | २.७.६.८५ | १ | पटक | २०० | पहिलो |

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | संविधान २०७२ अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको जिम्मेवारी प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालयको क्षेत्रमा पर्दछ। लामो समय अनुभव भएका पदाधिकारी/कर्मचारी हुँदा पनि यस क्षेत्रमा जानकारी अझ व्यापक बनाउन आवश्यकता देखिन्छ। साथै राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अन्य सरोकारवालाका लागि नयाँ विषय भएकाले प्रणालीको कार्यान्वयन, गुणस्तर सुनिश्चितता, अनुगमन र सुपरिवेक्षणमा मन्त्रालयका पदाधिकारी, कर्मचारी र सरोकारवालाको क्षमता अभिवृद्धि अत्यावश्यक छ। यसले गुणस्तरीय कार्यान्वयन र प्रणालीको प्रभावकारी सञ्चालनमा योगदान पुऱ्याउनेछ। |
| उद्देश्य | सामाजिक विकास मन्त्रालयका पदाधिकारी / कर्मचारीहरू, र अन्य सरोकारवालाहरूका लागि गुणस्तर सुनिस्चितता, अनुगमन,सुपरिवेक्षण, NVQS को अभिमुखीकरण, सीप परीक्षण प्रक्रिया र समग्र TVET कार्यक्रमका विषयमा क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित उपलब्धि | सामाजिक विकास मन्त्रालयका कर्मचारी, र अन्य सरोकारवालाहरु (२० जना) प्रणाली तथा समग्र TVET कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण र मुल्यांकन गर्न सक्षम हुनेछन् |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयका पदाधिकारी/कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु पर्ने बिषयवस्तु छनौट गर्ने<br>• बिषयवस्तु अनुसारको तालीम प्याकेज तयार गर्ने ।<br>• तालिमका सहभागीहरुको नाम सुची तयार गर्ने<br>• मन्त्रालयको प्रकृया अनुसार तालीम स्थल, बजेट, तालिमका अन्य सामाग्रीहरुको व्यवस्थापन गर्ने<br>• सहभागी तथा विज्ञहरुलाई आमन्त्रण गर्ने<br>• तालिमका संचालन गर्ने र प्रतिवेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | तालिम सम्पन्न प्रतिवेदन, हाजिरी रेकर्ड, फोटो आदि |

प्रतिफल ३.३: पालिकाहरूले व्यावसायिक योग्यता कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम समन्वय संयन्त्र गठन गर्नेछन् ।

क्रियाकलाप ३.३.१.: पालिकाहरुमा **TVET Network** स्थापना र समितिको सक्रियता

| LMBIS नं. | PLMBIS नं. | लक्ष्य | इकाई | विनियोजित रकम (रु. हजारमा) | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.६.२०८ | २.७.६.८१ | ५ | वटा | ५५० | पहिलो र दोश्रो |



नि. प्रदेश सचिव

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री

| | |
|---|---|
| पृष्ठभूमि/परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/परियोजनामा तीनै तहको सरकारको भूमिका महत्वपूर्ण छ। गाउँपालिका र नगरपालिकाले सूचना प्रवाह, कार्यान्वयन सहयोग, TVET क्रियाकलापको अनुगमन र सुपरिवेक्षण, तथा अन्तर-पालिका र मन्त्रालयबीच समन्वय गर्ने कार्य गर्छन्। यसैले स्थानीय तहका पदाधिकारी, सामाजिक/शिक्षा क्षेत्रका जनशक्ति र रोजगार संयोजकलाई अभिमुखीकरण गरी TVET समन्वय समिति गठन गर्नु आवश्यक छ। यो कार्यक्रम अभिमुखीकरण भएका पालिकामा समितिलाई सक्रिय बनाउने र नयाँ पालिकामा गठनको पहल सुनिश्चित गर्ने अवसर पनि हो। |
| उद्देश्य | गाउँपालिका नगरपालिका समन्वय समिति गठन, सहजीकरण, अभिमुखीकरण गोष्ठी मार्फत स्थानीय तहका सरोकारवालाहरुलाई NVQS र NVQS-P का सम्बन्धमा जानकारी गराउने । |
| अपेक्षित उपलब्धि | स्थानीय तहका सरोकारवालाहरुले NVQS र NVQS-P का सम्बन्धमा जानकारी प्राप्त गर्ने छन् र कार्यान्वयनमा सहजीकरण गर्नेछन् । |
| सञ्चालन प्रक्रिया | • पालिकाहरुको भौगोलिक अवस्थिति, आवत जावतको सुविधा आदिको आधारमा १ वटा वा २-४ वटा स्थानीय सरकारहरुको छुट्टा छुट्टै क्लस्टर तयार गर्ने ।<br>• ती क्लस्टरहरुमा आवद्ध स्थानीय सरकारहरुसँग नियमित समन्वय गर्ने र गोष्ठीको लागि समय, मिति, स्थान तय गर्ने<br>• बैठक/गोष्ठीको एजेन्डा सहित सहभागिताको लागि आमन्त्रण गर्ने<br>• आवश्यक सामग्री तथा प्रस्तुतिकरणका बिषय तय गर्ने<br>• बैठक/गोष्ठी संचालन गर्ने<br>• संजाल गठन सहितको प्रतिवेदन तयार गर्ने |
| मुख्य जिम्मेवारी | प्रदेश परियोजना समन्वय इकाई र प्रदेश परियोजना सहयोग इकाई |
| प्रगति सूचक | कार्य सम्पन्न प्रतिवेदन, उपस्थिति, फोटो, TVET समन्वय समिति गठन बिवरण |

नि. प्रदेश सचिव
मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्रालय